# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, जेठ २१ गते, २०७७ साल (अतिरिक्ताङ्क २

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधान बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको ऐन नं. १

<u>केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन, २०७७</u>

**<u>प्रस्तावना</u>**: प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं ५ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश नं ५, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ मा संशोधनः</u>** प्रदेश नं ५, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ९ को,-

(क) उपदफा (१) मा रहेका "कम्तीमा १ (एक) महिना" भन्ने शब्दहरुको सट्टा "कम्तिमा पन्ध्र दिन" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "एक महिना" भन्ने शब्दहरुको सट्टा "सात दिन" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश नं. ५ का सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ को,-

(क) दफा ३ को उपदफा (५) मा रहेका "कानून मन्त्रालयका सचिवले" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारका कानून सचिवले" भन्ने शब्दहरु राखिएका छन्।

(ख) दफा ५ को उपदफा (७) मा रहेका "कानून मन्त्रालयका सचिवले" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकारका कानून सचिवले" भन्ने शब्दहरु राखिएका छन्।

(ग) दफा १० को उपदफा (२) मा रहेका "कानून मन्त्रालयको सचिवको" शब्दहरुको सट्टा "प्रदेश सरकारका कानून सचिवको" भन्ने शब्दहरु राखिएका छन्।

प्रमाणीकरण मितिः २०७७/०२/१५

**आज्ञाले,**
**राजेन्द्र थापा**
**प्रदेश कानून सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय